# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ९) पञ्चकन्या, भदौ महिना ०१ गते, २०८२ साल (संख्याः ७**

**भाग–२**

## खानीजन्य पदार्थको उत्खनन् निकासी तथा विक्री सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रभित्र रहेका साधारण ढुङ्गा, स्लेट, रोडा, बालुवा, ग्राभेल लगायत साधारण निर्माणमुखी प्राकृतिक एवं खानीजन्य पदार्थको उत्खनन् सर्वेक्षण, उत्खनन् अनुमति, खानी दर्ता, विक्री तथा निकासी शुल्क दस्तुर संकलन एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (प) को बुदाँ नं. (१) र (७) साथै दफा ११ को उपदफा ४ को खण्ड (घ) को बुदाँ नं. (३) बमोजिम खानी तथा खनिज पदार्थको संरक्षण र खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी संकलन गर्ने कार्यलाई व्यवस्थित बनाउन बाञ्छनीय भएकोले,

पञ्चकन्या गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी पञ्चकन्या गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०४/३०*

## परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम **"खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा विक्री सम्बन्धी कार्यविधि, २०८२"** रहने छ ।

(ख) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले पञ्चकन्या गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले पञ्चकन्या गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले पञ्चकन्या गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पञ्चकन्या गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "ऐन" भन्नाले खानी तथा खनिज पदार्थ ऐन, २०४२ सम्झनु पर्दछ ।

(च) "नियमावली" भन्नाले खानी तथा खनिज पदार्थ नियमावली, २०५६ सम्झनु पर्दछ ।

(छ) "प्राविधिक समिति" भन्नाले कार्यविधिको दफा ३ (६) बमोजिमको समिति सम्झनु पर्दछ ।

(ज) "विपद व्यवस्थापन समिति" भन्नाले पञ्चकन्या गाउँपालिकाको विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(झ) "अनुगमन तथा सुपरीवेक्षण समिति" भन्नाले कार्यविधिको दफा ५ (२) बमोजिमको समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२

## अनुमति सिफारिस, दर्ता तथा नवीकरण

**३.अनुमति सिफारिस, दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरेका साधारण ढुङ्गा, माटो, स्लेट, रोडा, बालुवा, ग्राभेल एवं साधारण निर्माणमुखी खानीजन्य बस्तुको उत्खनन् तथा उपयोगको लागि खनीजन्य उद्योगहरुको सञ्चालनका लागि खानी उद्योगको दर्ता गर्न गाउँपालिकाले अनुमति दिन सक्नेछ ।

(२) प्रचलित कानुन बमोजिम मापदण्ड पुरा गरी खानी तथा खानीजन्य उद्योग सञ्चालन अनुमति प्राप्त गरेका त्यस्ता उद्योगले गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकामा दर्ता भएका खानी तथा खानीजन्य उद्योगको सालबसाली रुपमा गाउँपालिकामा तोकिएको अवधिभित्र नवीकरण गर्नुपर्नेछ ।

(४) गाउँपालिकामा नियमानुसार दर्ता एवं अद्यावधिक नभएका उद्योगहरु सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(५) खानी तथा खनिजन्य उद्योग सञ्चालनको अनुमती दिने सम्बन्धमा सिफारिस गर्न गाउँपालिकामा एक प्राविधिक समिति रहने छ । गाउँपालिकाको प्राविधिक समितिले खानीजन्य पदार्थको प्रकृति, किसिम, परिमाण, स्थान र निश्चित चौहद्दी एकीन गरी सिफारिस गर्नेछ ।

(६) उपदफा (५) बमोजिम सिफारिस गर्ने प्रयोजनको लागि देहायका पदाधिकारीहरु रहने गरी एक गाउँपालिका स्तरीय प्राविधिक समिति हुनेछ ।

(क) पूर्वाधार विकास तथा वातावरण शाखा प्रमुख- संयोजक

(ख) सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य - सदस्य

(ग) सम्बन्धि वडा हेर्ने प्राविधिक कर्मचारी- सदस्य

(घ) राजस्व शाखा/उपशाखा/इकाई प्रमुख वा प्रतिनिधि- सदस्य सचिव

(७) उपदफा (१) बमोजिम साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्र प्राप्त गर्नको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अन्य आवश्यक कागजातका साथ पञ्चकन्या गाउँपालिकामा अनुसूची-१ को फारम भरी निवेदन दिनुपर्नेछ ।

(८) प्राप्त निवेदनको आधारमा प्रारम्भिक अध्ययन तथा स्थलगत निरीक्षण गर्ने जिम्मेवारी प्राविधिक समितिको हुनेछ।

(९) प्राविधिक समितिले स्थलगत निरीक्षण गरी अनुसूची-२ बमोजिमको विवरण भरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्नु पर्ने छ ।

(१०) उपदफा (९) बमोजिमको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भई सकेपछी उपदाफा (७) बमोजिमको निवेदनको सम्बन्धमा दावी विरोध पेश गर्न १५ दिनको समय सीमा दिई गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(११) प्राविधिक समितिले पेश गरेको प्रतिवेदन र उपदफा (१०) बमोजिम प्रकाशित दावी विरोधको सूचनामा प्राप्त दावी विरोध समेत संलग्न गरी प्रमुख प्रशासकीय अधिकृतले गाउँ कार्यपालिकाको बैठकमा प्रस्ताव स्वरुप पेश गर्ने प्रयोजनार्थ प्रतिवेदन र दावी विरोधको कागजात गाउँपालिकाको अध्यक्षलाई पेश गर्नुपर्नेछ ।

(१२) उपदफा (११) बमोजिम पेश भएको प्रतिवेदन गाउँपालिका अध्यक्षले गाउँ कार्यपालिकाको बैंठकमा प्रस्ताव स्वरुप पेश गर्न सक्नेछ।

(१३) उपदफा (१२) बमोजिमको प्रस्ताव उपर गाउँ कार्यपालिकाको बैठकमा छलफल भई दावी विरोधको विषयमा समेत निर्णय गरी खानी तथा खानीजन्य उद्योग सञ्चालन अनुमति दिनको लागि कार्यपालिकाको बैठकबाट निर्णय वा स्वीकृत भएमा गाउँपालिकाको कार्यालयले खानी तथा भूगर्भ विभागमा उद्योग सञ्चालनको सहमतीको लागि सिफारिस दिन सक्नेछ ।

(१४) गाउँ कार्यपालिकाको बैंठकबाट निर्णय भए बमोजिमको सिफारिस पठाउँदा साधारण ढुङ्गा, माटो, स्लेट, रोडा, बालुवा, ग्राभेल लगायत साधारण निर्माणमुखी खानीजन्य उद्योग सञ्चालनको लागि गाउँपालिकामा प्राप्त भएको सक्कल फाइल खानी तथा भुगर्भ विभागमा पठाउनुपर्नेछ ।

(१५) खानी तथा भूगर्भ विभागबाट आवश्यक प्रक्रिया पुरा गरी अनुमति प्रदान गर्न गाउँपालिकालाई सहमती प्रदान गरेमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गराई अनुसूची-३ बमोजिम गाउँपालिकामा दर्ता गरी प्रमुख प्रशासकीय अधिकृतले सञ्चालन अनुमतिपत्र दिनेछ ।

(१६) उपदफा (१५) बमोजिम खानी उत्खनन् अनुमति प्रदान गर्दा खानी तथा भूगर्भ विभागले सहमती प्रदान गर्दा राखेका शर्तहरुको पालना गर्ने प्रतिवद्धतापत्रमा सम्बन्धित कम्पनी वा व्यक्तिलाई हस्ताक्षर गराएर मात्र अनुमतिपत्र प्रदान गरिने छ ।

## परिच्छेद-३

### ४. उत्खनन् कार्यको आकार र क्षेत्रफलः

(१) साधारण निर्माणमुखी खनिज पदार्थ उत्खनन् कार्यको लागि ०.२५ वर्ग किलोमिटर (करिब एक वर्ग माइलको दशांश) क्षेत्रफल कायम हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रफलमा उत्खनन् क्षेत्र र खानी क्षेत्र क्रमशः कम्तीमा ०.०१ वर्ग किलोमिटर तथा ०.०५ वर्ग किलोमिटर रहेको हुनु पर्नेछ ।

**स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि-**

(क) "उत्खनन् क्षेत्र" भन्नाले खानी क्षेत्रभित्र खनिज दोहन गरिने क्षेत्र सम्झनु पर्छ ।

(ख) "खानी क्षेत्र" भन्नाले खनिज क्षेत्रभित्र सञ्चालन गरिने उत्खनन् क्षेत्र सम्झनु पर्छ र सो शब्दले उत्खनन् क्षेत्र वरिवरिको खनिज दोहन गर्न आवश्यक पूर्वाधार एवं सुविधाको लागि चाहिने जग्गा समेतलाई जनाउँछ ।

### ५. उत्खनन् कार्य गर्दा पालना गर्नु पर्ने शर्तहरुः

उत्खनन् कार्यको अनुमति पाउने व्यक्तिले उत्खनन् कार्य गर्दा पालना गर्नु पर्ने शर्तहरु देहाय बमोजिम हुनेछन ।

(क) उत्खनन् कार्य गर्दा खनिज पदार्थको अधिकतम सदुपयोग र खनिज सम्पदाको संरक्षण हुने गरी गर्ने ।

(ख) उत्खनन् कार्य गर्दा वातावरणमा सकेसम्म न्युनतम प्रतिकूल प्रभाव पर्ने उपाय अपनाई वातावरण संरक्षणमा समुचित ध्यान दिइ कार्य गर्ने ।

(ग) राष्ट्रिय एवं सार्वजनिक हित र सुरक्षाका निमित्त छुट्याइएका स्थानहरुमा र प्राचिन स्मारक, शहर, चिहान, मसानघाट, सार्वजनिक बाटो, घाट, बाँध पैनी, पाइप लाइन, किल्ला, गढी, छाउनी, मन्दिर, मस्जिद, गिर्जाघर, घर, कारखाना इत्यादिबाट कम्तिमा पचास मिटर भित्र उत्खनन् नगर्ने र त्यस्तो क्षेत्रमा घर, कारखाना वा गोदाम नबनाउने ।

(घ) आफ्नो उत्खनन् क्षेत्रको नजिकै उत्खनन् कार्यको अनुमतीपत्र प्राप्त अन्य व्यक्तिलाई आफूले बनाएको ट्राम लाइन, रोपवे लाइन, बाटो र पानी घाट समेत मनासिब शर्तमा उपयोग गर्न दिने ।

(ङ) खनिज पदार्थ भण्डार गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरु राख्नुपर्ने ।

(च) उत्खनन् कार्यको अनुमतीपत्र प्राप्त भू-सतहको सीमाना बाहिर हुने गरी उत्खनन् कार्य नगर्ने र दुई वा दुई भन्दा बढी अनुमतीपत्रमा उल्लिखित क्षेत्रको सीमाना जोडिएको रहेछ भने अनुमतीपत्र प्राप्त व्यक्तिले सो सीमानाबाट पच्चीस मिटर छोडी खानी उत्खनन् कार्य गर्ने ।

(छ) उत्खनन् कार्य गर्दा खोलेको टोपा, टनेल खाल्टा इत्यादिमा कुनै दुर्घटना हुन नपाउने गरी सुरक्षाको व्यवस्था गर्ने ।

(ज) उत्खनन् कार्य गर्दा कुनै दुर्घटना परेमा, कुनै व्यक्तिको मृत्यु भएमा वा आफुले पाएको अनुमतीपत्रमा उल्लिखित क्षेत्रभित्र कसैको धन सम्पत्तिको हानी नोक्सानी हुन गएमा वा हुन सक्ने सम्भावना देखिएमा गाउँपालिका र जिल्ला प्रशासन कार्यालयलाई तुरुन्त सूचना दिने ।

(झ) खनिज क्षेत्रमा उत्खनन् कार्य संचालन गर्दा सोको रेखदेख, नियन्त्रण आदिको लागि अनुमतिपत्र प्राप्त व्यक्ति स्वयं वा निजको प्रतिनिधि रहनु पर्ने ।

(ञ) खनिज क्षेत्रमा कार्यालय खडा गरी सो कार्यालयमा आफूले पाएको अनुमतीपत्र स्पष्ट देखिने गरी राख्ने ।

(ट) आफ्नै खर्चमा खनिज क्षेत्रको सीमाना कायम गर्ने ।

(ठ) आफ्नो काबुबाहिरको परिस्थितिले गर्दा खनिज कार्यमा बाधा परी एक महिना भन्दा बढी उत्खनन् कार्य बन्द वा रोकावट हुन गएमा गाउँपालिकामा सूचना गर्ने ।

(ड) खनिज कार्यको अवधि समाप्त भएमा वा उत्खनन् कार्य गर्ने अनुपतिपत्र रद्द गरी उत्खनन् कार्य बन्द गर्नु परेमा ६ महिना भित्रमा बन्द गरी आफ्नो सम्पूर्ण सामान सो क्षेत्रबाट हटाइ खाल्टो, चनक, टोपा र भासिएको जग्गा पुरैमा बार वा पर्खाल लगाउनु पर्ने भएमा बार वा पर्खाल लगाइ त्यस क्षेत्रमा उपयुक्त पुनस्थापना कार्य गर्ने ।

## ६. उत्खनन्, निकासी तथा विक्री

(१) गाउँपालिकाबाट सञ्चालन अनुमती प्राप्त उद्योगले सम्बन्धित निकायबाट स्वीकृत IEE/EIA ले तोकेको क्षेत्रभित्र मात्र सीमित रही उत्खनन्, संकलन गरी निकासी तथा विक्री गर्नुपर्दछ । गाउँपालिकाले तत् क्षेत्रमा IEE/EIA सम्पन्न गराएको अवस्थामा सो समेतलाई गाउँ कार्यपालिकाको निर्णय र आदेशानुसार कार्यान्वयन गर्नु पर्नेछ ।

(२) IEE वा EIA गरेको क्षेत्र बाहेक अन्य स्थानमा उत्खनन् गर्न तथा यन्त्र उपकरणको प्रयोग गर्न पाइनेछैन । तर गाउँपालिकाको विपद् व्यवस्थापन समितिको निर्णय र आदेश बमोजिम जोखिमयुक्त स्थानको व्यवस्थापन गर्न सो कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(३) खानी तथा खानीजन्य उद्योग दर्ताको लागि सम्बन्धित निकायमा गरिने सिफारिस, गाउँपालिकामा सञ्चालन दर्ता तथा नवीकरण, धरौटी लगायतका राजस्व दस्तुर सम्बन्धी व्यवस्था अनुसूची-४ बमोजिम हुनेछ ।

(४) सम्बन्धित खानी तथा खानीजन्य उद्योगले खानीजन्य पदार्थको उत्खनन् तथा निकासी गर्दा वातावरणीय प्रदुषण, धुलोका कारण उद्योग वरपरका वस्ती, खेतीयुक्त क्षेत्र एवं मानव जीवन समेत प्रभावित हुने हुँदा सोको न्यूनीकरण र व्यवस्थापनमा उच्चतम ध्यान दिनुपर्नेछ ।

## परिच्छेद-४

## अनुगमन तथा सुपरीवेक्षण

७. **अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योग यस कार्यविधि तथा प्रचलित कानुनको पालना गरी सञ्चालन भए वा नभएको सम्बन्धमा अनुगमन गर्न गाउँपालिकामा एक अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी गठन हुनेछः

(क) गाउँपालिकाको अध्यक्ष- संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) सम्बन्धित वडाका वडा अध्यक्ष- सदस्य

(ङ) प्राविधिक शाखा/पूर्वाधार विकास शाखाका प्रमुख — सदस्य

(च) राजस्व शाखा/इकाई प्रमुख- सदस्य सचिव

(३) उपदफा २ बमोजिम गठित अनुगमन तथा सुपरीवेक्षण समितिले आवश्यकता अनुसार खानी तथा खानीजन्य उद्योगको अनुगमन तथा सुपरीवेक्षण गर्नेछ ।

(४) अनुगमन तथा सुपरीवेक्षण गर्दा त्यस्ता खानी तथा खानीजन्य उद्योगले प्रचलित कानुनको पालना गर्नुपर्नेमा नगरेको एवं गाउँपालिकामा लिनुपर्ने अनुमति, दर्ता तथा नवीकरण लगायतका कार्य गर्नुपर्नेमा सो नगरेको र वातावरणीय दृष्टिले प्रतिकुल प्रभाव पर्ने गरी खानी तथा खानीजन्य पदार्थ उत्खनन् गरेको, गाउँपालिका बुझाउनु पर्ने रोयल्टी, स्थानीय विकास शुल्क लगायत नियमानुसार बुझाउनुपर्ने अन्य शुल्क तथा दस्तुर नबुझाएको पाइएमा उक्त समितिले प्रतिवेदन तयारी गरी कार्यपालिकामा पेश गर्नेछ र सो प्रतिवेदनका आधारमा कार्यपालिकाबाट निर्णय गरी उत्खनन् तथा निकासीको कार्य बन्द गर्न वा रोक्न सक्नेछ ।

## परिच्छेद-५

८. **अनुमतिपत्रको नवीकरण सम्बन्धी व्यवस्थाः** (१) अनुमति प्राप्त कम्पनी वा व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिन भित्र आफुले प्राप्त गरेको अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरणको लागि आवश्यक कागजात सहित निवेदन प्राप्त भएपछि गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले अनुमतिपत्र नवीकरण प्रदान गर्नेछ ।

(३) अनुमतिपत्रको नवीकरण सम्बन्धी दस्तुर अनुसूची-४ बमोजिम हुनेछ ।

## परिच्छेद-६

९. **अनुमतीपत्र रद्द हुने व्यवस्थाः** अनुमतिपत्र देहायको अवस्थामा रद्द हुनेछ —

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र परित्याग गर्न निवेदन दिएमा ।

(ख) दिइएको अनुमतिपत्र निवेदक आफैले वा निजको प्रतिनिधिले तीस दिनभित्र बुझि नलिएमा ।

(ग) दफा (८) बमोजिम नवीकरण नगराएमा ।

(घ) सार्वजनिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकूल असर पर्न सक्ने कार्य गरेमा ।

(ङ) यस कार्यविधि बमोजिम तोकिएको रोयल्टी, शुल्क, दस्तुर, भूबहाल, स्थानीय विकास शुल्क आदि नबुझाएमा ।

(च) यस कार्यविधि बमोजिम पेश गर्नु पर्ने विवरण, प्रतिवेदन, सूचना आदि यस कार्यविधिमा तोकिएको समयभित्र पेश नगरेमा ।

(छ) यस कार्यविधिमा तोकिएको शर्तहरु पालना नगरेमा ।

(ज) अनुमतिपत्रको अवधि समाप्त भएमा ।

१०. **अनुमतीपत्रको नामसारीः**

(१) अनुमति प्राप्त व्यक्तिले गाउँपालिकाको पूर्व स्वीकृति नलिई आफूले प्राप्त गरेको अनुमतिपत्र अन्य कसैको नाममा नामसारी गरी दिन सक्ने छैन ।

(२) अनुमतीपत्र प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको अनुमतिपत्र अरु कसैको नाममा नामसारी गर्न चाहेमा त्यसरी नामसारी गरी लिन चाहने व्यक्ति र नामसारी गरी दिन चाहने व्यक्तिको संयुक्त निवेदको आधारमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी निवेदन प्राप्त भएको ३० दिन भित्र नामसारी गर्ने नगर्ने विषयमा निर्णय गरी सक्नु पर्ने छ ।

(३) नामसारी गरी लिन चाहने व्यक्ति उपयुक्त देखेमा अनुसूची- ४ बमोजिमको दस्तुर लिई निजको नाममा अनुमतिपत्र नामसारी गरी दिन सक्नेछ ।

(४) अनुमती प्राप्त व्यक्तिको मृत्यु भएमा वा अन्य कुनै कारणले निज अनुमति पत्र जारी गर्दाका बखत अनुमतिपत्रमा तोकिएको शर्त वा यस कार्यविधिको पालना गर्न असमर्थ भै निजका हकवालाले निजको हक सकार गर्न आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने कुराको प्रमाणसमेत संलग्न राखी गाउँपालिका समक्ष निवेदन गरेमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा निज हकवाला देखिएमा अनुसूची -४ बमोजिमको नामसारी दस्तुर लिई निजको नाममा अनुमतिपत्र नामसारी गरी दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमतिपत्रको नामसारी गर्ने सन्दर्भमा गाउँपालिकाले जाँचबुझ गर्दा अनुमति प्राप्त व्यक्तिको हकवाला सम्बन्धमा कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको किनारा नभएसम्म त्यस्तो अनुमतिपत्र कसैको नाममा नामसारी हुन सक्ने छैन ।

## परिच्छेद-७
## विविध

**११. धरौटी राख्नु पर्नेः** यस कार्यविधि बमोजिम खनिज कार्य गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा कम्पनीले खनिज कार्य गर्दा अनुसूची -४ बमोजिम धरौटी राख्नु पर्नेछ ।

१२. **रोयल्टी बुझाउनु पर्नेः** (१) उत्खनन् कार्यको अनुमति प्राप्त व्यक्ती वा कम्पनीले खानीद्वारबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा त्यसरी निकालिएको खनिज पदार्थको परिमाणको आधारमा गाउँपालिकालाई रोयल्टी बुझाउनुपर्ने छ ।

(२) उत्खनन् कार्यको अनुमति प्राप्त व्यक्ति वा कम्पनीले उपदफा (१) बमोजिम बुझाउनु पर्ने रोयल्टी वापतको रकम गाउँपालिकाको नाममा प्रत्येक महिना समाप्त भएको मितिले सात दिनभित्र राजस्व दाखिला गरी पन्ध्र दिनभित्र मासिक उत्पादन विवरण सहित राजस्व दाखिला भौचर गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

(३) उत्खनन् कार्यको अनुमतीपत्र प्राप्त व्यक्तिले उपनियम (२) मा तोकिएको म्यादभित्र रोयल्टी वापतको रकम दाखिला नगरेमा सो म्याद समाप्त भएको मितिले तीन महिनासम्म बुझाउनु पर्ने रोयल्टी रकमको दश प्रतिशत, छ महिनासम्म बीस प्रतिशत र एक वर्षसम्म तीस प्रतिशत दरले अतरिक्त रकम रोयल्टी रकममा थप गरी बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम बुझाउनु पर्ने रोयल्टी रकम दर अनुसूची-४ बमोजिम हुनेछ ।

१३. **स्थानीय विकास शुल्कः** उत्खनन् कार्यको अनुमती प्राप्त व्यक्ती वा कम्पनीले खानीद्वारबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा त्यसरी निकालिएको खनिज पदार्थको परिमाणको हुन आउने रोयल्टीको दश प्रतिशतले हुने रकम स्थानीय विकास शुल्कको रुपमा गाउँपालिकाले असुल गर्ने छ ।

१४. **भू-बहाल बुझाउनु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा कम्पनीले खनिज कार्य गर्न अनुमतिपत्रमा उल्लेखित खनिज क्षेत्रको जग्गा नेपाल सरकारको भए निजले गाउँपालिकालाई अनुसूची-५ मा तोकिए बमोजिमको भू-बहाल बुझाउनु पर्नेछ ।

(२) उत्खनन् कार्यको लागि अनुमतिपत्र लिन चाहने व्यक्तिले अनुमतिपत्रको लागि निवेदन दिँदा आफूले माग गरेको क्षेत्र मध्ये उत्खनन् कार्यको प्रस्तावित योजनामा उल्लिखित क्षेत्रको जग्गा निजी स्वामित्वको भए सो जग्गा भू वहालमा लिन र दिनको लागि भू- बहालको रकम समेत उल्लेख गरी निज निवेदक र जग्गाधनी बीच भएको लिखित सम्झौता साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्रको लागि गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको सम्झौतामा उल्लिखित रकम अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित जग्गाधनीलाई भू-वहाल वापत बुझाउनु पर्नेछ ।

१५. **संशोधन वा हेरफेरः** कार्यपालिकाले विधायन समितिसँगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१६. यसै बमोजिम हुनेः** (१) यस कार्यविधि स्वीकृत भै लागु हुन भन्दा अघि देखिनै सञ्चालित खानी तथा खानीजन्य उद्योगको हकमा समेत यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेखित नभएका व्यवस्थाहरु खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**१७. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची-१

## निवेदनको ढाँचा

## उत्खनन् कार्यको अनुमतीपत्रको निवेदन

मितिः

श्री पञ्चकन्या गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
लाकुरीभञ्ज्याङ, नुवाकोट ।

मैले/हामीले यस गाउँपालिकाको ........... नं. वडाको .......................... स्थानमा खानी तथा खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा विक्री सम्बन्धी कार्यविधि, २०८२ बमोजिम निम्नानुसारको क्षेत्रमा साधारण निर्माणमुखि खनिज पदार्थ ...................... को खनिज कार्यको अनुमतीको लागि देहाय बमोजिमको विवरण खोली निवेदन गरेको छु/छौं ।

१. व्यक्तिको,

नामः-　　　　　　　　　　पेशाः-

हुलाक ठेगानाः-　　　　　　　　　　फ्याक्स नं.ः-

टेलिफोनः-　　　　　　　　　　टेलेक्सः-

२. संगठित संस्था/फर्म कम्पनीको,

नामः-

हुलाक ठेगानाः-

टेलिफोन नं.ः-

टेलेक्स नं. ः-　　　　　　　　　　फ्याक्स नं.ः-

दर्ता भएको निकायः-　　　　　　　　　　दर्ता नं. र मितिः-

मुख्य सञ्चालकः-

३. खनिज कार्य गर्न चाहेको मुख्य खनिज पदार्थः
४. खनिज कार्य गर्न चाहेको अवधिः
५. प्राविधिकको व्यवस्थाः
(१) आफै भए, (क) व्यवसायिक योग्यता र तालिम
(ख) अनुभव

(२) अन्य भए, (क) नाम र ठेगानाः

(ख) व्यवसायिक योग्यता र तालिमः

(ग) अनुभव:

६. साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्य गर्न माग गरेको क्षेत्रको चौहद्दी विवरणः-

बागमती प्रदेश नुवाकोट जिल्ला पञ्चकन्या गाउँपालिका वडा नं. ............ को स्थान..................... को ................... लाई मूल चिन्ह मानी सो बाट पूर्व ................. मिटर, पश्चिम ................. मिटर, उत्तर ............... मिटर र दक्षिण ................. मिटर जम्मा ............... वर्ग कि.मी. ।

संलग्न कागजातहरु:-

१. माइनिङ स्कीम,
२. वातावरण प्रतिवेदनको TOR र IEE/EIA को प्राविधिक प्रतिवेदन,
३. कम्पनी, प्रवन्धपत्र, नियमावली, कर चुक्ता र प्यानको फोटोकपी,
४. कम्पनी सञ्चालकको नागरिकताको फोटोकपी
५. यस ठाउँमा ......... खानी उत्खनन् गर्ने भन्ने र अख्तियारनामा सहितको प्रा.लि. को बैठक/माइन्युटको प्रतिलिपी,
६. खानी क्षेत्रको व्ल्यू प्रिन्ट नक्सा, जग्गा धनी पूर्जा, नागरिकताको फोटोकपी, मञ्जुरीनामा (स्वयंम जग्गा धनी गाउँपालिकामा उपस्थित भई सनाखत गर्नुपर्ने) लगायतका प्रतिलिपी,
७. वातावरणीय अध्ययन सम्बन्धी सूचना टाँस मुचुल्का, सार्वजनिक सुनुवाईको निर्णय ( वडा अध्यक्ष वा निजले खटाएको वडा समितिको प्रतिनिधीको रोहवरमा),
८. वडा कार्यालयको सिफारिसपत्र ।
९. न्यूनतम क्षेत्रफलः २० रोपनी हुनुपर्ने।
१०. अन्य आवश्यक कागजातहरु,

निवेदकको

दस्तखतः

नामः

मितिः

## अनुसूची-२

## स्थलगत निरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको “पञ्चकन्या गाउँपालिकाको खानी तथा खानी जन्य पदार्थको उत्खनन् अनुमती तथा विक्री वितरण सम्बन्धी कार्यविधि, २०८२” अनुसार गठित प्राविधिक समितिले प्रस्तवित श्री ................................................ उद्योग प्रा.लि. को माइनिङ्ग स्किमको मिति ............................ मा स्थलगत निरीक्षण गर्दा देखिएको अवस्था निम्नानुसार रहेकोले सोही अनुसारको प्रतिवेदन पेश गरेका छौ ।

(क) निरीक्षण गरिएको प्रस्तावित उद्योगको नामः

(ख) प्रस्तावित उद्योग रहने ठेगानाः

(ग) निरीक्षणको उद्देश्यः

सुझावहरुः

१.
२.
३.

तपसिलमा उल्लेखित बमोजिमका शर्तहरु अनिवार्य पालना गर्ने/गराउने गरी अनुमती दिनको लागि सिफारिस गरिन्छ ।

१.
२.
३.
४.

माईनिङ क्षेत्रका तस्विरहरु :

प्रतिवेदकहरुः

१.

२.

३.

४.

# अनुसूची-३

पञ्चकन्या गाउँपालिका

# गाउँ कार्यपालकाको कार्यालय

लाकुरीभञ्ज्याङ, नुवाकोट

बागमती प्रदेश, नेपाल

<u>खानीजन्य उद्योग सञ्चालन अनुमति दर्ता प्रमाणपत्र</u>

मितिः

.............. प्रदेश ................ जिल्ला ................... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ....... बस्ने श्री ..................... लाई पञ्चकन्या गाउँपालिकाको खानी तथा खानीजन्य पदार्थको उत्खनन्, निकासी तथ विक्री सम्बन्धी कार्यविधि, २०८२ बमोजिम निम्न लिखित क्षेत्र भित्र मिति ................... देखि ........................ सम्म यस गाउँपालिकाको कार्यालयको मिति ...................... को निर्णयानुसार खानी उत्खनन् अनुमति प्रदान गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

खनिज कार्य गर्ने क्षेत्रको विवरणः

पञ्चकन्या गाउँपालिका वडा नं. ....... स्थान ...................... को ................... लाई मूल चिन्ह मानी सो बाट पूर्व ............. मिटर, उत्तर ................. मिटर र दक्षिण ................ मिटरको जम्मा ..................... वर्ग कि.मि./रोपनी/वर्ग मिटर ।

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको

दस्तखतः

नाम थरः

पदः

मितिः

नवीकरण तालिका

| क्र.सं. | मिति | नवीकरण आ.व. | दस्तुर बुझाएका | | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | रसिद नं. | मिति | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची-४

उत्खनन् कार्यको लागिः

| विवरण | अति सानास्तर | सानास्तर | मझौलास्तर | ठूलास्तर |
|---|---|---|---|---|
| (१) अनुमतिपत्र दस्तुर | रु.५०,०००।- | रु.१,००,०००।- | रु.१,५०,०००।- | रु.२,००,०००।- |
| (२) नवीकरण दस्तुर | रु. २५,०००।- | रु.५०,०००।- | रु. ७५,०००।- | रु. १,००,०००।- |
| (३) अवधि थप दस्तुर | रु. १,००,०००।- | रु. २,००,०००।- | रु. ३,००,०००।- | रु. ४,००,०००।- |
| (४) नामसारी दस्तुर | रु.१,००,०००।- | रु. २,००,०००।- | रु.३,००,०००।- | रु.४,००,०००।- |
| (५) धरौटी | रु.१,००,०००।- | रु.२,००,०००।- | रु. ३,००,०००।- | रु. ४,००,०००।- |
| (६) प्रमाणपत्र प्रतिलिपी दस्तुर | रु.२,५००।- | रु. २,५००।- | रु.२,५००।- | रु. २,५००।- |

## रोयल्टी दर

(परिच्छेद-७, दफा-१२ सँग सम्बन्धित)

| क्र.सं. | खनिज पदार्थको नाम | इकाई | रोयल्टी दर (रु.) |
|---|---|---|---|
| १ | साधारण ढुङ्गा | प्रति घन मिटर | 25/- |
| २ | स्ल्याव स्टोन | प्रति वर्ग मिटर | 40/- |
| ३ | स्लेट | प्रति वर्ग मिटर | 20/- |
| ४ | रोडा | प्रति घन मिटर | 60/- |
| ५ | बालुवा | प्रति घन मिटर | 20/- |
| ६ | ग्राभेल | प्रति घन मिटर | 15/- |
| ७ | साधारण माटो | प्रति घन मिटर | 25/- |

पञ्चकन्या गाउँपालिका

# गाउँ कार्यापालिकाको कार्यालय

लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

## रोयल्टी बुझाएको मासिक विवरण

अनुमति प्राप्त व्यक्ति/संस्थाको नामः अनुमति पत्र नं.

ठेगानाः अनुमती प्राप्त खनिजः

खानी स्थलः आ.व.ः

मूलद्वारः स्वीकृत दैनिक उत्पादन क्षमताः

स्वीकृत वार्षिक क्षमताः स्वीकृत वार्षिक कार्य दिनः

यस आ.व.को हालसम्मको जम्मा उत्खनन्ः

| मिति | खनिज | एकाई | मूलद्वारबाट निकासी परिमाण | रोयल्टी दर (रु) | रोयल्टी रकम (रु.) | रोयल्टी दाखिल भौचर नं. | दाखिला मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

माथी पेश गरेको विवरण सहि/साँचो छन् ।

विवरण झुटा पाइएमा नियमानुसार सहुँला बुझाउला भनी हस्ताक्षर गर्नेको-

नाम : कम्पनीको छाप

हस्ताक्षर :

द्रष्टव्य : खानीद्वार भन्नाले क्षेत्र भित्रबाट खनिज पदार्थ बाहिर निकासी गरिने मूलद्वार सम्झनु पर्दछ । यस प्रयोजनको लागि उत्खनन् गरेको क्षेत्रबाट खनिज पदार्थ बाहिर निकालिएको परिमाण एकिन हुन सक्ने द्वारलाई मूलद्वार मानिनेछ ।

## अनुसूची-५

### वार्षिक भू-बहाल

१. पहिलो वर्ष प्रति वर्ग किलोमिटर पाँच हजार रुपैयाँ दरले ।

२. दोस्रो वर्ष प्रति वर्ग किलोमिटर दश हजार रुपैयाँका दरले ।

३. तेस्रो वर्ष प्रति वर्ग किलोमिटर पन्ध्र हजार रुपैयाँ दरले ।

४. चौंथो वर्ष प्रति वर्ग किलोमिटर बीस हजार रुपैयाँका दरले ।

५. पाँचौ वर्ष प्रति वर्ग किलोमिटर पच्चीस हजार रुपैयाँका दरले ।

६. छैठौं वर्ष वा सोभन्दा पछि प्रति वर्ग किलोमिटर तीस हजार रुपैयाँका दरले ।

### खनिज पदार्थको वार्षिक उत्पादन प्रगति विवरण

१.

(क) अनुमतिपत्र प्राप्त व्यक्तिको नाम र ठेगानाः ..........................................

(ख) अनुमतिपत्र नम्बरः .................

(ग) खनिज पदार्थको नामः ..................

(घ) प्रगति विवरण अवधि (आर्थिक वर्ष)ः .............. ।

२. खानी रहेको वडा नं. .........................., स्थानः ..................

३. खनिज विकासः-

(क) विस्तृत सीमांकनात्मक ड्रिलिङ्ग तथा अन्वेषणात्मक उत्खनन्ः

(ख) विस्तृत प्राविधिक उत्खनन् तथा प्रशोधन सम्भाव्यता अध्ययनः

(ग) विस्तृत बजार तथा आर्थिक सम्भाव्यता अध्ययनः

(घ) अन्तिम सम्भाव्यता मूल्याङ्कनः

४. खानी (उत्पादनात्मक) विकासः-

(क) खानी उत्पादन परियोजना प्रवर्द्धन तथा कार्यान्वयनः

(ख) नियमित खानी उद्योग संचालनः

(ग) खानी विकास कार्य योजनाः

५. उत्पादन विवरणः

| क.सं. | खनिज पदार्थको | | इकाई | गत वर्षको | | जम्मा | विक्री | कूल विक्री | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | नाम विक्री गरिएका सह उत्पादन वा उप उत्पादन | खनिज पदार्थको किसिम | | उत्पादन | मौज्दात | यस वर्षको उत्पादन | | स्वदेश | | विदेश | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | मौज्दान | कैफियत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ (६+७) | ९ | १० | ११ | १२ | १३ (९+११) | १४ | १५ (८+१३) | १६ |
| १.<br>२. | | | | | | | | | | | | | | | |
| | कुल | | | | | | | | | | | | | | |

वेदककोः-

दस्तखतः

नामः

मितिः

**आज्ञाले**

**हिराधन राई**

**प्रमुख प्रशासकीय अधिकृत**